धवलागिरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मुना, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

कार्यपालिकाको बैठको निर्णय सार्वजनिक गरिएको सूचना

(मितिः२०८३/०५/२५)

यस धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८३/०५/२४ मा बसैको बैठकले गरेका निर्णय यसै सूचना साथ सार्वजनिक गरिएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८३/०५/२४ गते बुधबारका दिन धवलागिरी गाउँपालिका, गाउँकार्यपालिकाका अध्यक्ष श्री *प्रेम प्रसाद पुन* ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरीयो।

उपस्थितिः-

श्री प्रेम प्रसाद पुन	अध्यक्ष
श्री रेशम पुन मगर	उपाध्यक्ष
श्री झक बहादुर छन्त्याल	वडा नं. १ अध्यक्ष
श्री अक प्रसाद बि.क.	वडा नं. २ अध्यक्ष
श्री देबिन्द्र रोका	वडा नं. ३ अध्यक्ष
श्री याम बहादुर घर्ति	वडा नं. ४ अध्यक्ष
श्री अमर बहादुर छन्त्याल	वडा नं. ५ अध्यक्ष
श्री राजाराम उपाध्याय	वडा नं. ६ अध्यक्ष
श्री अशोक खत्री	वडा नं. ७ अध्यक्ष
श्री देउ प्रसाद छन्त्याल पुन	कार्यपालिका सदस्य
श्री भबिन्द्र छन्त्याल	कार्यपालिका सदस्य
श्री डिल कुमारी बि.क.	कार्यपालिका सदस्य
श्री नर कुमारी बुढाथोकी	कार्यपालिका सदस्य
श्री फुल माया बुढाथोकी	कार्यपालिका सदस्य
श्री सिता कुमारी छन्त्याल	कार्यपालिका सदस्य
श्री विष्णु प्रसाद शर्मा	गाउँकार्यपालिका सचिव

आमन्त्रित

हरिरह पनेरु	प्रशासन शाखा प्रमुख
राजन जि.सि.	पुर्वाधार विकास शाखा प्रमुख
विनिता मल्ल	लेखा शाखा प्रमुख

CS Scanned with CamScanner

प्रस्तावहरू

१. मोटरवाटो सरसफाइ सम्बन्धमा
२. उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजना सम्बन्धमा।
३. प्रधानमन्त्री राहत कोषमा रकम जम्मा गर्ने सम्बन्धमा।
४. LGPAS मूल्याङ्कन सम्बन्धमा।,
५. विविध।

निर्णयहरू

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा वर्षाको कारण यस गउँपालिका अन्तर्गत पर्ने दरवाङ-ताकम-मुना सडक बाहेक अन्य सम्पूर्ण सडकहरु बाढी तथा पहिरोको कारण पूर्ण रुपमा अबरुद्ध भएको हुँदा उक्त सडकहरु संचालनको लागि सरसफाइ, मर्मतसम्भार तथा सामान्य स्तरोन्नती गर्ने गरि मिति २०८२/०५/२२ मा आह्वन भएको बोलपत्र सम्बन्धि सूचना तथा सो सँग सम्बन्धि लागत अनुमान स्विकृत लगायतका कार्यहरु अनुमोदन गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा सोह्रौ संशोधनबाट उपभोक्ता समिति मार्फत योजना तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि उपभोक्ता समिति दर्ता गर्नुपर्ने कानूनी व्यवस्था भएको हुँदा चालु आ.व. २०८३/८४ मा यस गाउँपालिका मार्फत कार्यान्वयन हुने १० लाख भन्दा मुनिका तथा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्दा तुलनात्मक रुपमा प्रभावकारी हुने योजनाहरु कार्यान्वयन गर्ने प्रयोजनका लागि उपभोक्ता समिति दर्ता गर्दा योजना बाट प्रत्यक्ष लाभ प्राप्त गर्ने लाभग्राहीहरुको **आमभेलाको निर्णय तथा सम्बन्धित वडा कार्यालयको सिफारिस**को आधारमा गाउँ कार्यपालिकाको कार्यालयमा उपभोक्ता समिति दर्ता गरि दर्ता भएका उपभोक्ता समितिसँग योजना तथा कार्याक्रम कार्यान्वयको लागि सम्झौता गर्नका लागि गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा २०८३ भदौ १० गते भोटेकोशि नदिमा आएको बाढीका कारण रसुवा नुवाकोट लगायतका जिल्ला भएको ठुलो जनधनको क्षति प्रति दुख प्रकट गर्दै उक्त बाढीबाट भएको क्षतिको पुननिर्माण तथा राहत वितरणको लागि यस गाउँपालिकाले पनि योगदान गर्नुपर्ने आवश्यकता महसुस गर्दै गाउँपालिकाको विपद् कोषबाट प्रधानमन्त्री दैवी प्रकोप कोषमा दूई लाख रुपैया जम्मा गर्ने साथै सचिव बैठको निर्णयबाट राष्ट्रसेवक कर्मचारीहरुबाट राहत रकम जम्मा गर्ने गरि भएको निर्णय बमोजिम यस गाउँपालिका मातहतका कर्मचारी तथा शिक्षकहरुबाट तोकिए बमोजिमको राहत रकम २०८३ भदौ महिनाको पारिश्रमिक भुक्तानी गर्ने समयमा कट्टी गरि प्रधानमन्त्री दैवी प्रकोप कोषमा जम्मा गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा गत आ.व. २०८२/८३ को स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनको लागि प्रक्रियागत रुपमा भएको मुल्याङ्कनका आधारमा LGPAS प्रणालि बाट सिर्जन मुल्याङ्कन जि.स.स. समिक्षा तथा अन्तिम नतिजा मन्त्रालय पेश गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रदान गर्ने निर्णय गरियो। साथै आ.व. २०८१/८२ का आधारमा तयार पारिएको दिगो सुधारको कार्ययोजना स्विकृत गर्ने निर्णय समेत गरियो।

५. प्रस्ताव नं. ५ अन्तर्गत देहायबमोजिम हुने गरी निर्णय गरियो।

क. लुलाङ-गुर्जा सडक (प्रदेश समपुरक) तथा मल्कवाङ-भेडिखाल्टा सडक निर्माण (संघीय समपुरक) अन्तर्गतका योजनाहरुको लागत अनुमान स्विकृत गरि बोलपत्र आह्वान गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रदान गर्ने निर्णय गरियो।

ख. निर्माणाधिन प्रशासकीय भवनलाई पुर्णता दिनका लागि बाँकी रहेका कार्यका साथै सम्झौता रकमको सीमा भित्र रहि चमेना गृहको सुरक्षाका लागि वरिपरी घेरावार तथा प्रवेशद्धार (गेट), भवनको मूल प्रवेशद्धार नजिक गार्डहाउस साथै पार्किङ सेट निर्माण गर्ने गरि निर्माण कार्यलाई तीव्रता दिन निर्माण व्यसायीलाई निर्देशन दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।